CONSTRUCTION INDUSTRY COUNCIL
建造業議會
कन्स्ट्रक्सन इन्डस्ट्री काउन्सिल

# बन्द वा साँघुरो ठाउँहरूमा कामको सुरक्षा (Nepali 尼泊爾文)

## उचित अभ्यासहरू






बन्द वा साँघुरो ठाउँमा काम गर्नुभन्दा अगाडि जोखिम मूल्यांकन पूरा गर्न तथा आवश्यक सिफारिसहरू गर्न एकजना सक्षम व्यक्तिलाई नियुक्त गरिनेछ। काम-गर्ने-अनुमति प्रमाणपत्र जारी गरिएपछि प्रमाणित कामदारहरू मात्र बन्द वा साँघुरो ठाउँहरूमा प्रवेश वा काम गर्न पाउनेछन्।




बन्द वा साँघुरो ठाउँमा प्रवेश गर्नुभन्दा अगाडि उक्त ठाउँ प्रमाणित कामदारहरूका लागि प्रवेश गर्न सुरक्षित छ भनेर सुनिश्चित गर्न वातावरणीय परीक्षण गरिनेछ।




कामदारहरूले उपयुक्त व्यक्तिगत सुरक्षा उपकरण लगाउनुपर्छ।




कुनै पनि प्रमाणित कामदारको प्रवेश भन्दा अगाडि बन्द वा साँघुरो ठाउँलाई पर्याप्त रूपमा सफा गरिनेछ र समुचित मात्रामा चिस्याइनेछ र हावा आउने-जाने बनाइनेछ र बन्द वा साँघुरो ठाउँमा खतरनाक ग्यास, वाफ, धुलो, धुँवा वा आफैं बगिरहेका ठोस वा तरल पदार्थको प्रवेश वा आगमनलाई रोक्नको लागि प्रभावकारी उपायहरू चालिनेछ। यी उपायहरूमा स्वास्थ्यलाई खतरा गराउन सक्ने तत्वहरू रहेका पाइपलाइन तथा सर्विस पाइपहरूलाई बन्द गर्ने पर्दछन्।




उपयुक्त व्यक्तिगत सुरक्षा उपकरण तथा उद्धार उपकरण उपलब्ध गराइनेछ र प्रयोग गर्न मिल्नेगरी तयारी अवस्थामा राखिनेछ।




कामदारहरूले आफूलाई बाहिर तानेर निकाल्न मिल्नेसम्मको बलियो बचावडोरीमा बाँधिएको उपयुक्त सुरक्षा हार्नेस (पेटी) प्रयोग गर्नुपर्छ र बचावडोरीको अर्को छेउ आकस्मिक अवस्थामा कामदारलाई बाहिर तान्न सक्नेगरी पर्याप्त शारीरिक बल भएको व्यक्तिले बन्द वा साँघुरो ठाउँ भन्दा बाहिर समातेको हुनुपर्छ। उक्त व्यक्ति काम चलेको अवधिभर नै त्यस्तो बन्द वा साँघुरो ठाउँ बाहिर अनिवार्य रहनुपर्छ।

### अस्वीकरण

यस प्रकाशनमा रहेका जानकारीको सत्यता सुनिश्चित गर्न उचित प्रयासहरू गरिएतापनि CIC ले पाठकहरूलाई सम्भव भएसम्म पेशासँग सम्बन्धित सल्लाहकारहरूसँग उपयुक्त स्वतन्त्र सल्लाह खोज्न प्रोत्साहन गर्छ र पाठकहरूले कुनै पनि सम्बद्ध कामहरू गर्दा यस प्रकाशनलाई उक्त पेशा सम्बन्धी सल्लाहको विकल्पको रूपमा लिनु वा निर्भर हुनुहुँदैन।

© 2014 कन्स्ट्रक्सन इन्डस्ट्री काउन्सिल ।

ठेगाना: 38/F, COS Centre
56 Tsun Yip Street, Kwun Tong, Kowloon
टेलिफोन: (852) 2100 9000
फ्याक्स: (852) 2100 9090
इमेल: enquiry@cic.hk

No. P-CSY-003-14-N